नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

## प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्रीज्यूबाट मिति २०७९/९/१९ मा भएको ३० बुदें निर्देशनमा चिसो मौसमका कारण तराईमा शीतलहर र हिमाली क्षेत्रमा हिमपातले जनजीवनमा पर्ने असरलाई ध्यानमा राखी आवश्यक प्रवन्ध मिलाउन निर्देशन प्राप्त भएबमोजिम आज पौष २६, २०७९ का दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री कृष्णहरि पुष्करको संयोजकत्वमा विपद् व्यवस्थापनसँग सम्वन्धित सरोकारवाला निकायहरुका पदाधिकारीहरुको उपस्थितिमा बैठक बस्यो । उक्त बैठकमा विगत केही दिनदेखि तराई क्षेत्रमा बढ्दो क्रममा रहेको शितलहर तथा हिमाली क्षेत्रको हिमपातको अवस्था सम्बन्धि विषयमा छलफल भयो । बैठकले विपद् प्रभावित जिल्लाका व्यक्तिहरुको लागि प्रदान गरिने राहत र उद्धार कार्य जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा स्थानीय विपद् व्यवस्थापन समिति र स्थानीय तहको सक्रियतामा सरकारी तथा गैरसरकारी संघसंसस्था लगायत नागरिक समाज समेतको सहभागितामा संचालन एवं परिचालन गर्ने, विपद् व्यवस्थापनसँग सम्वन्धित जिम्मेवार निकाय र पदाधिकारीले उपलब्ध भएको श्रोतसाधनको उचित प्रयोग गरि आफूलाई तोकिएको जिम्मेवारी समयमै पूरा गर्ने, विपद् जोखिमको क्षेत्र र प्रभावित लक्षित वर्गको पहिचान गरी एकद्वार प्रणालीवाट राहत वितरण गर्ने व्यवस्था गृह मन्त्रालयले मिलाउने लगायतका विषयमा महत्वपूर्ण निर्णयहरु भयो । उक्त बैठकमा नेपाल सरकारका गृह मन्त्रालय, रक्षा मन्त्रालय ,स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवहरु, सुरक्षा निकायका प्रमुख एवं पदाधिकारीहरु एवं संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रतिनिधिहरु समेतको उपस्थिति रहेको थियो ।

०७९।९।२६

माहादेव पन्थ

प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np